जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

बर्षः १२, अंकः ४४ पृष्ठः ४ | २०८२ जेठ १९ गते सोमबार (Monday 02 June 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

## गोलबजारमा ट्रमा सेन्टर निर्माण हुने पक्का स्थानीय खुशी



गोलबजार, १८ जेठ। मधेश प्रदेश अन्तर्गत सिरहाको गोलबजारमा अब ट्रमा सेन्टर निर्माण हुने निश्चित भएपछि गोलबजार बासी खुशी भएको छ। संघीय सरकार र मधेश प्रदेश सरकारको संयुक्त अनुदानमार्फत कुल २९ करोड ३६ लाख रुपैयाँको बजेट विनियोजन भएसँगै ट्रमा सेन्टरको सपना साकार हुने भएको हो। पुर्वकानुन मन्त्री लिलानाथ श्रेष्ठको विशेष पहल तथा मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहको चाहना र योजनाअनुसार गोलबजारमा ट्रमा सेन्टर स्थापना गर्न लागिएको हो। आर्थिक वर्ष २०८२/०८३ को बजेटमा यस योजनालाई समावेश गरिएको छ।

गोलबजारको भौगोलिक अवस्थिति र लगातार बढ्दो जनसंख्यालाई ध्यानमा राख्दै यहाँको स्थानीय समुदायले स्वास्थ्य पूर्वाधारको सुदृढीकरणको माग गर्दै आएका थिए। यो ट्रमा सेन्टर निर्माणसँगै पूर्व–पश्चिम राजमार्ग आसपासका दुर्घटनाग्रस्त तथा आकस्मिक स्वास्थ्य सेवाका लागि ठूलो राहत पुग्ने अपेक्षा गरिएको छ। नगरबासीहरूमा यस निर्णयले अत्यन्तै खुसीको माहोल छाएको छ। उनीहरूका अनुसार स्वास्थ्य सेवामा सुधारका लागि यो एउटा महत्वपूर्ण उपलब्धि हो। गोलबजार नगरपालिका समेतले यस योजनालाई स्वागत गर्दै आवश्यक सहयोग गर्ने गोलबजार नगरपालिकाकका नगर प्रमुख श्याम कुमार श्रेष्ठले प्रतिबद्धता जनाएको छ।

## मधेशमा ६४ वटा सडकको एकसाथ शिलान्यास

काठमाडौं, १८ जेठ। प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेश सरकारको महत्त्वाकांक्षी तथा ठूलो लगानीका ६४ वटा पक्की सडक योजनाको शिलान्यास गरेको छ। मधेश प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयले जनकपुरधाममा आयोजना गरेको विशेष समाहरोमा प्रधानमन्त्री ओलीले डिजिटल प्रविधिमार्फत एकैपटक ६४ वटा आयोजनाको शिलान्यास गरेको हो। भौतिक पूर्वाधार मन्त्रालयका अनुसार अब मधेश प्रदेशअन्तर्गत ८ जिल्लाका ६४ वटा प्रादेशिक निर्वाचन क्षेत्रमा ५ किलोमिटरका दरले ३ सय २० किलोमिटर लम्बाइको पक्की सडक निर्माण हुनेछ। ३ वर्षभित्र सम्पन्न गर्ने कालोपत्रसहितको पक्की सडक निर्माणका लागि १२ अर्ब ७० करोड रुपैयाँ खर्च हुने प्रदेश सरकारले जनाएको छ।

मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले स्रोत सुनिश्चित भई पूर्वाधार कार्यालयमार्फत ठेक्का प्रक्रिया सम्पन्न भइसकेको भन्दै अब सडक निर्माणको कामले तीव्रता पाउने बताए। निर्माण हुने सडकको चौडाइ साढे ५ देखि ७ मिटर हुनेछ। सडकसँगै प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा १/१ वटा पक्की पुल निर्माणका लागि प्रक्रिया शुरू भइसकेको मन्त्रालयले जनाएको छ। यो योजनाले मधेश प्रदेशमा सडक पहुँच अभावमा

**–बाँकी दुई पेजमा**

## मनहर्वा उत्तर चौरीमा पावर ड्रिल सिचाइँ प्रणालीको शिलान्यास सम्पन्न

मिर्चैया, १८ जेठ। स्थानीय किसानहरूको माग अनुसार मिर्चैया नगरपालिका वडा नं. १ र २ को बीचमा रहेको मनहर्वा उत्तर चौरीमा पावर ड्रिल सिचाइँ प्रणाली अन्तर्गत ६ इन्चको बोरिङको शिलान्यास गरिएको छ। शिलान्यास कार्यक्रम मधेश प्रदेश सभा सदस्य भाग्यश्री चौधरी र वडा नं. १ का अध्यक्ष रूपेश साहको संयुक्त सहभागितामा सम्पन्न भयो। कार्यक्रममा जनमत पार्टीका नगर अध्यक्ष अंजय साह, केन्द्रीय सदस्य जागेश्वर साह, वडा

**–बाँकी तीन पेजमा**




## मधेशमा हराउँदै हलगोरु पाल्ने प्रचलन

**जनार्जन खत्री**



सर्लाही, १८ जेठ। मधेशमा हलगोरु पालेर खेती लगाउने प्रचलन हराउँदै गएको छ। खेतबारी खनजोतका लागि सहजरूपमा ट्याक्टर उपलब्ध हुन थालेसँगै गोरु पाल्ने प्रचलन लोप हुने अवस्थामा पुगेको हो। हिजोआज गाउँघरमा गोरु पाल्ने किसान भेट्न मुस्किल पर्छ। खेतबारीको बाँझो जोत्न र बाली लगाउन तराईको फाँटमा जतातत ट्याक्टरकै प्रयोग हुन थालेको छ। सर्लाहीको ईश्वरपुर नगरपालिका–१२, कालिन्जोर घारीबथानका जगतलाल यादवले गाउँमा अहिले एक–दुई हल गोरु मात्रै रहेको बताए। आफूले ६० वर्ष पुग्दासम्म पनि हलगोरु पालेर जोतिरहेको यादवको भनाइ छ। "पहिला सबैले गोरु पालेरै जोत्थे तर अब त मान्छेले गोरु पाल्नै छाडे," यादवले भने, "गाउँघरमा अहिले एक, दुई हल मात्रै गोरु छन्।"

मकै रोप्ने र जोत्ने बेला एक बिहानको एक हजार ५०० रुपियाँमा हल गोरु लगेर जोत्दै आएको यादवको भनाइ छ। गोरु पाल्ने प्रचलन हराउँदै गएपछि गाउँघरमा हलो, जुवा बनाउने मानिसको पेसा समेत संकटमा परेको छ। चुरेक्षेत्रस्थित महोत्तरीको बर्दिवास नगरपालिका–११, खयरमाराका बुद्धिमान विश्वकर्माले खेतबारी जोत्न सहजरूपमा ट्याक्टर पाइन थालेपछि दुई वर्षदेखि गोरु पाल्न छाडेको बताउनुभयो। पाखाको बारी र फेदीको खेत ट्याक्टरले जोत्न थालेपछि गोरु बेचेको विश्वकर्माको भनाइ छ। गाउँघरबाट युवा पुस्ता वैदेशिक रोजगारीमा पलाएन हुनेक्रम बढेसँगै हलगोरु पालेर खेती लगाउने प्रचलन पनि हराउँदै गएको ६३

**–बाँकी दुई पेजमा**

## चट्याङबाट बच्न निम्न उपाय अपनाऔं।

**घरबाहिर हुँदा**

- आकाशमा बिजुली चम्किदा, गड्याङगुडुङ्ग हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौ,
- रुख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौ,
- खेतबारीमा काम नगरौ,
- कुनै ओत नभए दुबै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं, भुँइमा लम्पसार परेर नसुतौ।

**घरभित्र हुँदा**

- टिभी र कम्प्युटरर्जस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण विजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौ, मोवाइल स्वीच अफ गरौ,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, झर्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं, भित्ता वा झ्यालमा अडेस लागेर नबसौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सावधानी र पूर्वतयारी जरुरी

यस वर्षको मनसुन वितण्डासहित नेपाल प्रवेश गरेको छ। गत बिहीवार पूर्वी नाकाबाट नेपाल भित्रिएको मनसुनी वर्षाबाट आएको बाढीले पहिलो दिनमै विभिन्न क्षेत्रमा क्षति पुऱ्याएको छ। 'बिहान'ले दिउँसोको झल्को दिन्छ भन्ने मान्ने हो यस वर्षको मनसुनको लक्षण राम्रो देखिँदैन। यसो त किसानहरूको मुलुक नेपालमा मनसुनको प्रतीक्षा व्यग्रतापूर्वक गरिन्छ। खडेरी पऱ्यो भने 'भ्यागुताको बिहा'देखि अनेकौं पूजापाठ, तन्त्रमन्त्र गरेर पनि पानी मागिन्छ। तर, त्यही पानी धेरै पऱ्यो भने कहर बन्नपुग्छ पहाडमा पहिरो र मधेसमा बाढीका रूपमा। नेपालीका लागि मनसुनमा बाढी पहिरोको प्रकोप नौलो होइन। पुस्तौंदेखि भोग्दै आएको र पुस्तौंसम्म भोगिरहनुपर्ने विपद् हो यो। यसैले विपद् न्यून गर्ने र असरबाट जोगिने प्रयासमा समुदाय, परिवारमात्र होइन राज्यसमेत अभ्यस्त भइसक्नुपर्ने थियो। दुर्भाग्य, त्यसो हुन सकेको छैन।

पहिलो त विकासका नाममा विपद् बढाउने प्रकृतिका क्रियाकलाप अनवरत चलिरहेकै छ। प्रकृतिलाई जति खजमज्यायो उति कहर सहनुपर्छ भन्ने हेक्का नीति निर्माताले राखेको देखिए पनि कार्यान्वयनका समयमा बिर्सने गर्छन्। बर्सेनि उस्तै प्रकारका मूर्खता दोहोऱ्याइरहेका हुन्छन्। यो वर्ष सरदरभन्दा १५ दिन पहिले नै मनसुन भित्रियो। जल तथा मौसम विभागका अनुसार हालसम्म कोसी, मधेस, वाग्मती र गण्डकी प्रदेशका धेरै भागसम्म मनसुन पुगिसकेको छ। पूर्वबाट प्रवेश गरेको मनसुन बिस्तारै पश्चिममा पुग्छ। मनसुनजन्य प्रपोप टार्न वा सार्न सक्ने क्षमता हामीसँग छैन। यसैले मनसुन पर्खनु र सहनुको पनि विकल्प छैन। तर, यस हरेक वर्ष दोहोरिने विपद्को क्षति कम गर्न उद्धारलगायतको पूर्वतयारी भने गर्न सकिन्छ। अहिले ध्यान त्यसैमा केन्द्रित गर्नु जरुरी छ।

निवेदनमा तोक लागेपछि बल्ल ताल्ने प्रशासनिक संस्कृति भएको राज्यमा पूर्वतयारी अपेक्षाकृत नौलो अभ्यास हो। हाम्रो शासकीय स्वभाव त आगो लागेपछि इनार खन्ने प्रकृतिको छ। तर, अब त प्रकोपको प्रकृतिअनुसार हाम्रो प्रशासकीय संस्कृति पनि बदलिनुपर्छ। विशेषगरी बाढी, पहिरो, डुबान र कटानको जोखिम भएका क्षेत्रको पहिचान गरी त्यहाँका बासिन्दालाई सजग गराउन तीनै तहका सरकारले आआफ्ना संयन्त्र क्रियाशील बनाउनुपर्छ। यस्तै, मौसम पूर्वानुमानको सकेसम्म सही सूचना तत्काल सम्बन्धित सबै ठाउँमा पुग्ने पद्धति पनि सक्रिय हुनुपर्छ।

राज्यले नागरिकको जिउधनको सुरक्षा गर्न र विपद्जन्य असुविधा कम गर्न विशेष ध्यान देओस्। राजमार्गहरूमा पहिरो र बाढीको जोखिम भएका ठाउँको निगरानी र उद्धारको तयारीमा हेलचेक्र्याइँ हुनुहुँदैन। नियम पालनामा खेलाँची गरेर गत वर्ष धादिङ र काभ्रेमा भएजस्ता दुर्घटना नहोउन्।

# नियो बैंक : नेपालको अर्थतन्त्रमा डिजिटल छलाङ



नियो बैंक स्थापनाका लागि परम्परागत बैंकको जस्तो ठूलो भौतिक पूर्वाधारमा लगानी नभए पनि, अत्याधुनिक र सुरक्षित डिजिटल पूर्वाधार तथा दक्ष मानवसंशाधनमा निकै ठूलो लगानीको आवश्यकता पर्छ।प्रारम्भिक चरणमा कुल अनुमानित पूँजी आवश्यकता १ अर्ब ५० करोडदेखि ५ अर्बसम्म हुन सक्छ।

**राजनकुमार झा**

बदलिँदो प्रविधिको लहरले विश्वभरिका हरेक क्षेत्रमा क्रान्ति ल्याएको छ, र वित्तीय सेवा पनि यसबाट अछुतो छैन। परम्परागत बैंकका भौतिक सीमा भत्काउँदै, पूर्णतया डिजिटल माध्यमबाट सञ्चालित 'नियो बैंक' को अवधारणा विश्वव्यापी रूपमा चुलिएको छ। नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य मार्फत नियो बैंक स्थापना गर्ने स्पष्ट घोषणा गरेर यस दिशामा एक दुरगामी र साहसिक कदम चालेको छ। यो केवल एउटा नीतिगत निर्णयमात्र नभएर नेपालको वित्तीय समावेशिता, आर्थिक विकास र प्रविधिमैत्री समाज निर्माणतर्फको एक महत्त्वपूर्ण मोड हो जसले २१औं शताब्दीको वित्तीय आवश्यकता सम्बोधन गर्ने लक्ष्य राखेको छ।

**नियो बैंकको अन्तर्य**

सरल भाषामा भन्दा नियो बैंक भनेको भौतिक शाखाविहीन, पूर्णतया मोबाइल एप वा वेबसाइट मार्फत सञ्चालन हुने डिजिटल वित्तीय संस्था हो। यसले ग्राहकलाई परम्परागत बैंकका ठूला भवन, काउन्टर र लामो लाइनको झन्झटबाट मुक्ति दिँदै, आफ्नै हत्केलामा चौबिसै घण्टा बैंकिङ सुविधा उपलब्ध गराउँछ। नियो बैंकहरूले परम्परागत बैंकिङभन्दा फरक भएर भौगोलिक सीमाहीन सेवा, कम सञ्चालन खर्चले ग्राहकलाई कम शुल्क र आकर्षक ब्याजदरको सिधा फाइदा पुऱ्याउन सक्छन्। एआई र डेटा एनालिटिक्स जस्ता उन्नत प्रविधि प्रयोग गर्दै नियो बैंकले ग्राहकलाई व्यक्तिगतकृत, छिटो र कागजविहीन डिजिटल सेवा दिन्छन्। यसले नयाँ उत्पादन विकासमा तीव्रता ल्याउनुका साथै वित्तीय समावेशितालाई बढावा दिँदै दुरदराजका समुदायलाई समेत वित्तीय सेवामा जोड्छ।

**नेपालको डिजिटल उत्थान**

नेपालमा डिजिटल भुक्तानीको तीव्र वृद्धिले नियो बैंकजस्ता पहलका लागि ढोका खोलेको छ। नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार २०८१ चैत मसान्तसम्म मोबाइल बैंकिङ प्रयोगकर्ता २ करोड ७० लाख नाघेको छ भने मासिक ४ खर्ब रुपैयाँभन्दा बढीको कारोबार डिजिटल माध्यमबाटै हुन्छ। यहीकारण आगामी आव २०८२/८३ को बजेटमा नियो बैंक स्थापनाको घोषणा समयको माग र भविष्यको आवश्यकता दुवै हो, जसले वित्तीय प्रतिस्पर्धा, नवप्रवर्तन र समावेशिता बढाउने सरकारी प्रतिबद्धता देखाउँछ। राष्ट्र बैंकले डिजिटल फाइनान्स इनोभेसन हब स्थापना गरेर यस दिशामा आफ्नो दुरदर्शिता अझ प्रष्ट पारेको देखिन्छ।

**विश्वव्यापी प्रचलन र दक्षिण एसियाली परिदृश्यमा नियो बैंक**

नियो बैंकको चलन अहिले विश्वभरि निकै बढेको छ। विकसित देशमा त यिनले पुराना बैंकलाई सिधै चुनौती दिएर गजबको सफलता पाएका छन्। युरोपमा 'मोन्जो' र 'रिभोलट' ले लाखौं ग्राहकलाई आफूतिर तानिसकेका छन् भने अमेरिकामा 'चाइम' र 'भारो बैंक' ले पनि राम्रै बजार हिस्सा ओगटेका छन्। दक्षिण एसियामा नियो बैंकको यात्रा भर्खरै सुरु हुँदैछ, तर केही देशले यसमा अग्रसरता देखाइसकेका छन्। भारत त प्रविधिमा आधारित वित्तीय सेवा (फिनटेक) को केन्द्र नै मानिन्छ, जहाँ 'रेजरपेएक्स', 'ओपन', 'नियो' जस्ता नियो बैंकहरूले स्टार्टअप, साना तथा मझौला व्यवसाय (एसएमईज) र युवालाई लक्षित गरेर डिजिटल बैंकिङ समाधान दिइरहेका छन्।नेपालमा भने अहिलेसम्म पूर्ण नियो बैंक आएका थिएनन्। तर, सरकारले बजेटमा यो घोषणा गरेपछि अब यो सपना साकार हुने सम्भावना एकदमै बलियो भएको छ।

**नेपालमा नियो बैंकको व्यापार आकार र सम्भावित ग्राहक**

नेपाल राष्ट्र बैंकको प्रतिवेदन अनुसार लगभग १८ प्रतिशत मानिस अझै पनि बैंक वा कुनै वित्तीय संस्थामा जोडिएका छैनन्। यस्तो अवस्थामा नेपालको जनसंख्याको करिब ४० प्रतिशत हिस्सा ओगटेका प्रविधिमैत्री २० देखि ४० वर्षका युवा, जो ९० प्रतिशत इन्टरनेट प्रयोगकर्ता छन्, नियो बैंकका लागि मुख्य ग्राहक हुन सक्छन्। यतिमात्र होइन, लगभग ९ लाखभन्दा बढी लघु, घरेलु तथा साना उद्योगलाई नियो बैंकले खास खालका डिजिटल खाता, ऋण र भुक्तानी प्रणाली दिएर आफूतिर तान्न सक्ने सम्भावना उत्तिकै प्रवल देखिन्छ।

त्यस्तै विदेशबाट आउने रेमिट्यान्सलाई डिजिटल रूपमा सहजै भित्र्याउने र व्यवस्थापन गर्ने काममा पनि नियो बैंकले ठूलो भूमिका खेल्न सक्छ। नेपालमा ई-कमर्स पनि द्रुत गतिमा फैलिरहेको छ र नियो बैंकले ई-कमर्स कम्पनीसँग मिलेर भुक्तानी अझै सरल बनाउन सक्छन्। नियो बैंकले परम्परागत बैंकका आधारभूत सेवा अतिरिक्त ग्राहक आवश्यकता अनुसारका विशेष सेवा प्रदान गर्न सक्छ, जसमा बचत खाता, चल्ती खाता, डिजिटल ऋण, भुक्तानी सेवा, रेमिट्यान्स सेवाजस्ता आधारभूत बैंकिङ सेवा पर्छन्। साथै, बजेटिङ र खर्च ट्र्याकिङ उपकरण, स्वचालित बचत सुविधा जस्ता वित्तीय व्यवस्थापन उपकरणहरू पनि यसले प्रदान गर्न सक्छ।

साना व्यवसायका लागि कर्जा, माइक्रोफाइनान्सियल सेवा, बीमा उत्पादनको डिजिटल वितरण जस्ता विशेष उत्पादन साथै अन्य फिनटेक कम्पनी वा व्यवसायीसँग सहकार्यका लागि ओपन एपीआई .एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस) प्रदान गरी नवीन इकोसिस्टम निर्माण गर्ने र भौतिक कार्डको आवश्यकताविना नै अनलाइन र पीओएसमा प्रयोग गर्न सकिने भर्चुअल डेबिट/क्रेडिट कार्ड प्रदान गर्ने क्षमता नियो बैंकमा हुन्छ।

**नेपालमा डिजिटल बैंकिङका वर्तमान अभ्यासकर्ताहरू र उनीहरूको 'नियो' झुकाव**

नेपालमा पूर्णतया नियो बैंकको अवधारणा कार्यान्वयनमा नआए पनि धेरै बैंक र भुक्तानी सेवाप्रदायकले डिजिटल सेवा व्यापक बनाएर नियो मोडेलतर्फको झुकाव देखाएका छन्। बैंकहरूमध्ये नबिल बैंकको 'नबिलडीजी बैंक', 'नबिलिएन-बैंक' (नबिनल एन-बैं) पूर्णतया डिजिटल प्रक्रिया मार्फत खाता खोल्ने र केही आधारभूत बैंकिङ सेवा प्रदान गर्ने एक उदाहरण हो। ग्लोबल आईएमई बैंक, एनआईसी एसिया बैंक लगायत धेरै बैंकले मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, भर्चुअल खाता खोल्ने सुविधा र क्यूआर भुक्तानीलाई उच्च प्राथमिकतामा राखेका छन्। कतिपय बैंकहरूले 'डिजिटलशाखा' को अवधारणा अघि सारेका छन्। भुक्तानी सेवा प्रदायकहरू जस्तै ई-सेवा, खल्ती, आईएमईपे, फोनपे, कनेक्टआईपीएसले भुक्तानीका क्षेत्रमा डिजिटल क्रान्ति ल्याएका छन्। नेपालमा डिजिटल कारोबारको बानी बसाल्न महत्त्वपूर्ण भूमिका खेलेका छन्।

**अनुमानित पूँजी र पूर्वाधार आवश्यकता**

नेपालमा नियो बैंक स्थापनाका लागि पूँजी र पूर्वाधारको आवश्यकता परम्परागत बैंकको तुलनामा केही फरक रकम हुने भए पनि यसका आफ्नै विशिष्ट खर्चहरूहुन्छन्। राष्ट्र बैंकले नयाँ डिजिटल बैंकिङ लाइसेन्सका लागि छुट्टै पूँजी तोक्नुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय अभ्यास र नेपालको सन्दर्भ हेर्दा प्रारम्भिक चरणमा १ देखि ३ अर्बसम्मको चुक्ता पूँजी आवश्यक हुन सक्छ। यस अतिरिक्त सफ्टवेयर लाइसेन्स, क्लाउड सर्भिस, सुरक्षा प्रणाली र प्रारम्भिक कर्मचारी खर्चका लागि थप ५० करोडदेखि १ अर्बसम्मको सञ्चालन पूँजी आवश्यक पर्ने देखिन्छ। नियो बैंकका लागि भौतिक पूर्वाधार आवश्यकता कम भए पनि बलियो र सुरक्षित डिजिटल पूर्वाधार अपरिहार्य छ।यसका लागि अत्याधुनिक र स्केलेबल कोर बैंकिङ सफ्टवेयरमा करिब ५० करोडदेखि १अर्बसम्म लगानी आवश्यक हुन सक्छ।साइबर सुरक्षा प्रणालीमा २० करोडदेखि ५० करोडसम्म र क्लाउड कम्प्युटिङ, डेटा एनालिटिक्स, एआई/एमएल प्लेटफर्म तथा मोबाइल र वेब एप विकासमा पनि उल्लेख्य लगानी ( प्रारम्भिक सेटअपका लागि समग्रमा ३५ करोडदेखि ७५ करोडसम्म) आवश्यक पर्छ। मानव संशाधनतर्फ नियो बैंकमा भौतिक शाखा र कर्मचारी संख्या कम भए पनि उच्च दक्ष आईटी पेसेवर, साइबर सुरक्षा विशेषज्ञ, डेटा वैज्ञानिक र नियामक अनुपालन अधिकारीहरूको आवश्यकता पर्छ।

प्रारम्भिक चरणमा कम्तीमा ५० देखि १ सय उच्च दक्ष कर्मचारीको टिम आवश्यक हुन सक्छ। समग्रमा नियो बैंक स्थापनाका लागि परम्परागत बैंकको जस्तो ठूलो भौतिक पूर्वाधारमा लगानी नभए पनि, अत्याधुनिक र सुरक्षित डिजिटल पूर्वाधार तथा दक्ष मानवसंशाधनमा निकै ठूलो लगानीको आवश्यकता पर्छ।प्रारम्भिक चरणमा कुल अनुमानित पूँजी आवश्यकता १ अर्ब ५० करोडदेखि ५ अर्बसम्म हुन सक्छ।

**चुनौती र समाधानका दिशा**

नेपालमा नियो बैंकको सपनाले डिजिटल वित्तीय क्रान्ति ल्याउने सम्भावना बोकेको छ, तर यसलाई साँच्चै वास्तविकतामा बदल्न केही महत्वपूर्ण अवरोध छिचोल्नै पर्छ। सबैभन्दा पहिले नियो बैंक कसरी चल्ने भन्ने स्पष्ट नियमन हुनु नै ठूलो चुनौती हो। यसका लागि नेपाल राष्ट्र बैंकले विदेशका राम्रा अभ्यास हेरेर हाम्रो देश सुहाउँदो प्रगतिशील नियम जतिसक्दो चाँडो बनाउनुपर्छ। अनि, सबै कारोबार डिजिटल हुने भएपछि साइबर आक्रमण र डेटा चोरीको डर स्वाभाविक रूपमा बढ्छ।त्यसैले, व्यक्तिगत जानकारी जोगाउने बलियो कानुन, विश्वस्तरीय सुरक्षा प्रणाली र नियमित जाँच अत्यावश्यक छ।

यसका साथै, गाउँघरमा डिजिटल ज्ञानको कमी छ र भरपर्दो इन्टरनेट तथा बिजुली पनि अझै राम्ररी पुगेको छैन।यो समस्या समाधान गर्न सरकार र राष्ट्र बैंकले व्यापक डिजिटल वित्तीय साक्षरता अभियान चलाउनुका साथै, देशभरि सस्तो र उच्च गतिको इन्टरनेट पूर्वाधारमा लगानी बढाउनै पर्छ। हाम्रा धेरै ग्राहकलाई अझै पनि भौतिक बैंकका शाखा गएर कारोबार गर्ने बानी छ। नियो बैंकले असाध्यै पारदर्शी सेवा, उत्कृष्ट अनुभव र बलियो ग्राहक संरक्षण दिएरमात्र उनीहरूको विश्वास जित्न सक्छ। अन्त्यमा, वित्तीय अपराध रोक्न ( एएमएल) ग्राहक चिन्न र हरेक कारोबारको निगरानी गर्न अलि जटिल हुन सक्छ, जसका लागि अत्याधुनिक 'ई-केवाईसी' अनुगमन प्रणाली अझ बलियो बनाउन आवश्यक छ।

**अन्त्यमा,**

आगामी आव २०८२/८३ को बजेटमा नियो बैंकको परिकल्पना नेपालको वित्तीय आधुनिकीकरण र डिजिटल समावेशितामा एउटा क्रान्तिकारी कदम हो। यसले वित्तीय सेवालाई पहुँचयोग्य, प्रभावकारी र ग्राहक केन्द्रित बनाउने ठूलो सम्भावना बोकेको छ। परम्परागत बैंकिङ पहुँच बाहिर रहेका धेरै मानिस, बढ्दो डिजिटल साक्षरता र प्रविधिमैत्री युवाशक्ति नियो बैंकका लागि

### *मधेशमा हराउँदै ...*

वर्षीय विश्वकर्माले बताए। "बढेका छोरा, बुहारी सहर र विदेशतिर पसेकाले गाउँघरमा घाँस काट्ने, गोरु जोत्ने मान्छे पनि छैनन्," विश्वकर्माले भने, "अब सबै सुखसँग बस्ने भए, गोरु पाल्ने मान्छे गाउँघरमा भेट्नै मुस्किल छ।"

गोरुभन्दा ट्याक्टरबाट जोत्दा सहज र छिटो हुने किसानको भनाइ छ। ट्याक्टरको तुलनामा हलगोरुबाट जोतेर गरिएको खेती राम्रो हुने किसान बताउँछन्। गोरुले जोते भैँ ट्याक्टरले जोतेको राम्रो नहुने किसानको बुझाई छ। "छिटो हुन्छ भन्ने मात्रै हो तर ट्याक्टरबाट गरिएको खेती आधिसरो बाँभै बस्छ," अर्का किसान राजदेव यादवले भने, "अहिलेका युवा गाउँघरमा बसेर हलगोरु पाल्न इच्छा गर्दैनन्।"

हलगोरु पाल्ने प्रचलन हराउँदै गएसँगै गीत गाउँदै मकै रोप्ने, गोरुका विभिन्न नाम राखेर खेतबारी जोत्नेजस्ता पुराना संस्कृति पनि सँगै मासिँदै गएको छ। कृषि ज्ञान केन्द्र सर्लाहीका अनुसार जिल्लामा ९९ प्रतिसत किसानले खेतबारी ट्याक्टरले जोतेर खेती गर्ने गरेका छन्।

कार्यालयका प्रमुख कमलदेव प्रसाद कुशवाहाले खेतीका लागि आधुनिक औजारउपकरण र प्रशस्त मात्रामा ट्याक्टर भित्रिएसँगै हलगोरु पालेर खेती गर्ने किसान निकै कम रहेको जानकारी दिए।

"अब गोरु पालेर दुःख गर्ने किसान भन्दा पनि ट्याक्टर लगाएर खेती गर्ने किसान अधिक छन्," कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कुशवाहाले भने, "हाम्रो जिल्लामा त झन् गोरु नै पालेर खेतीपाती गर्ने किसान धेरै कम हुनुहुन्छ।" ट्याक्टर पुग्न नसक्ने चुरेडाँडाका केही किसानले मात्रै गोरु नारेर पाखो भित्ता बारीमा खेती लगाउने गरेका छन्।

गोरु पाल्ने प्रचलन हराएसँगै यहाँको बयलवास र बरहथवास्थित गोरु बजारमा गोरुको किनबेच समेत न्यूनमात्रामा हुने गरेको व्यापारीले बताएका छन्।

### *मनहर्वा उत्तर ...*

रहेका गाउँलाई यातायात सञ्जालमा जोड्ने, व्यापार-व्यवसाय प्रवर्द्धन गर्ने र स्थानीय उत्पादनलाई बजारसम्म लैजान सहयोग पऱ्याउने मन्त्री यादवले बताए।

# KALYANPUR MUNICIPALITY

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**KALYANPUR, SIRAHA**
**PROVINCE MADHESH, NEPAL**

## Invitation for Sealed Quotation

**Invitation For Bids (IFB):- 03-KM-2081/82**
**First Publication Date: 2082-02-19**

1. **Kalyanpur Municipality** Office of Municipal Executive, Kalyanpur,Siraha invites sealed quotations from registered Suppliers for the supply and delivery of the following goods:
2. Sealed bids must be submitted to the office Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur , Siraha by hand/courier as shown in table below. Bids received after this deadline will be rejected.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The bidders are required to present their Notary Public for verification of document if so, felt by the employer.
5. A complete set of Bidding Documents may be purchased from the office Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur , Siraha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as shown in table below.
6. If bidder wishes to submit the Bid Security in the form of Cash, the cash should be deposited in Bid Security Account.

   **Bank Information :**

   **Name of the Bank:-** Machchhapuchchhare Bank, Kalyanpur, Siraha
   **Name of Office:-** Kalyanpur Nagarpalika
   **Office Account no. :-** 0810110818400076 (For Purchase Bidding Document)
   **Office Account no:-** 0810110818500042 (For Bid Security Deposite)
7. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur, Siraha, Phone No. 033403063, 9852834363, Email: kalyanpurmun2073@gmail.com.
8. Sanitary pads shall be supplied in accordance with the technical specifications provided in the bid document.
9. The Employer reserves the right to accept or reject any bid, and to annual the process and reject all bids at any time prior to contract award.

| Contract No./ID | Description of Work | Estimated Amount (Without VAT) | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date of Bid Purchasing | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|---|
| KM-03-SQ-Goods/081/82 | Samudayik Bidhalayka Chhatraharu lae Nisulk Sanitary Pad Wabsthapan | 1769880/00 | 49,000.00 | 1,000.00 | Sealed Quotation | 2082/03/02 Up to Office Hour | 2082/03/03 Time Upto12.00 PM | 2082/03/03 Time at 2.00 PM |

**Chief administrative officer**


*मनहर्वा उत्तर...*

नं.२ का अध्यक्ष बिमलेश साह लगायत स्थानीय नेता, किसान, बुद्धिजीवी, राजनीतिकर्मी र समाजसेवीको उपस्थिति रहेको थियो । यस सिचाइँ योजनाबाट मनहर्वा क्षेत्रका सयौं किसानहरू लाभान्वित हुने अपेक्षा गरिएको छ। सिचाइँको सुविधा उपलब्ध भएसँगै कृषि उत्पादनमा बृद्धि र क्षेत्रीय कृषि आत्मनिर्भरता सुदृढ हुने स्थानीयको विश्वास छ। प्रदेशसभा सदस्य चौधरीले भनिन्, “कृषिमा आत्मनिर्भरता हासिल गर्न सिचाइँ पूर्वाधार अपरिहार्य छ। यो शिलान्यास किसानको संघर्ष र अधिकारप्रतिको हाम्रो प्रतिबद्धताको प्रतिविम्ब हो।” वडा अध्यक्ष साहले बोरिङ स्थापनापछि नियमित सिचाइँ सेवा सञ्चालनमा ल्याइने जानकारी दिए।

# बारामा ८ वर्षीया बालिकामाथि सामूहिक बलात्कार, ७ जना पक्राउ

**क्रान्ति शाह**

वीरगन्ज, १८ जेठ। बारामा ८ वर्षीया बालिकाको सामूहिक बलात्कार गरिएको घटना सार्वजनिक भएको छ। बाराको प्रसौनी गाउँपालिकाकी ८ वर्षीया बालिकामाथि जेठ १३ गते राति १० बजेतिर सामूहिक बलात्कार भएको भए पनि घटना अहिले मात्रै प्रकाशमा आएको हो। उक्त घटनाको अनुसन्धानका क्रममा प्रहरीले ७ जनालाई नियन्त्रणमा लिएको छ। उनीहरूको परिचय प्रहरीले खुलाएको छैन। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले घटना १३ गते रातिको भए पनि घटनाबारे प्रहरीलाई जेठ १४ गते मात्रै खबर भएको बताए। स्वास्थ्य परीक्षणबाट पीडित भनिएकी बालिकामाथि सामूहिक बलात्कार भएको पुष्टि भएको उनले बताए। पीडित बालिकालाई उनका अभिभावकले वीरगन्जको नेशनल मेडिकल कलेजमा उपचारका लागि भर्ना गरेपछि उपचारका क्रममा बलात्कारको पुष्टि भएपछि मात्रै प्रहरीमा खबर गरिएको उनले बताए। पण्डितले भने, ‘घटना जेठ १३ गते रातिको भए पनि प्रहरीलाई भने जेठ १४ गते बिहान मात्रै अस्पताल प्रशासनबाट खबर गरिएको हो।’

पीडित बालिकाको अहिले वीरगन्जको नारायणी अस्पतालमा प्रहरीको निगरानीमा उपचार जारी रहेको उनले बताए। घटनाको अनुसन्धानका क्रममा ७ जनालाई प्रहरीले नियन्त्रणमा लिइसकेको र उनीहरू विरुद्ध बारा जिल्ला अदालतबाट ५ दिनको म्याद थपको अनुमति लिई अनुसन्धान जारी रहेको उनले बताए। प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएकाहरू नाबालिग रहेकाले उनीहरूको पहिचान खुलाउन नमिल्ने प्रहरी नायब उपरीक्षक पण्डितले बताए। प्रहरीले नियन्त्रणमा लिएकाहरूको पहिचान नखुलाए पनि उक्त घटनामा संलग्न रहेको आरोपमा पीडित बालिकाकै नातामा काका पर्ने एक व्यक्ति पनि प्रहरीको हिरासतमा छन्।

**घटना के हो ?**

बालिकाको घरसंगै जोडिएको नातेदारको घरमा जेठ १३ गते छोरीको बिहे थियो। त्यसको अघिल्लो दिन जेठ १३ गते राति बिहेको घरमा कथामटकोर (बिहेको अघिल्लो दिन हुने विधि) थियो। जेठ १३ गते राति कथामटकोरको पूजापाठको विधि सकिएपछि भोज सुरु भयो॥ भोज खाएर छरछिमेककाहरू घर फर्किन थाले। त्यसबेला करिब रातिको १० बजेको थियो। पीडित बालिका घरछेउको धारामा पानी भर्न गएकी थिइन्। त्यही बेला केही व्यक्तिहरूले उनको हात समातेर धारा छेउकै मकैबारीमा लगे। मकैबारीमा ती बालिकामाथि तीन जनाले पालैपालो बलात्कार गरे। बालिका अचेत भइन्। होस् खुलेपछि उनी लरखराउँदै घर तर्फ आइन्। घर छेउको आँगनमा पुग्ने बित्तिक्कै उनी फेरि अचेत भएर लडिन्।

त्यसपछि उनका अभिभावकले उनलाई कलैयास्थित प्रादेशिक अस्पतालमा लगे। त्यहाँ बालिकाको यौनांगबाट रगत बगिरहेको अवस्थामा चिकित्सकले देखेपछि घटना शंकास्पद भएको हुनसक्ने आकलन गरेर उपचारका लागि अन्यत्र लैजान सुझाए। त्यसपछि अभिभावकले प्रहरीलाई समेत खबर नगरी ती बालिकालाई उपचारका लागि वीरगन्जको नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा लगेर भर्ना गरे। त्यहाँ उनको उपचार सुरु गरियो। त्यस क्रममा बालिकाको बलात्कार भएको पुष्टि चिकित्सकले गरेपछि अस्पताल प्रशासनले प्रहरीलाई खबर गऱ्यो। अस्पतालमा पुगेर प्रहरीले ती बालिकालाई वीरगन्जकै नारायणी अस्पतालमा लगेर भर्ना गर्यो। अहिले ती बालिकाको नारायणी अस्पतालमै उपचार जारी छ। नारायणी अस्पतालका सूचना अधिकारी तथा वरिष्ठ चिकित्सक डा. उदयनारायण सिंहले पीडित बालिकाको स्वास्थ्य अवस्था अहिले सुधारोन्मुख र खतरामुक्त रहेको जानकारी दिए।

# मनसुन केही दिन कोशी प्रदेशमै रहने, वर्षा कम र गर्मी बढी हुने अनुमान

काठमाडौं, १८ जेठ। नेपाल आइपुग्ने सरदर मितिभन्दा १५ दिनअघि नै देशको कोशी प्रदेशमा आइपुगेको मनसुन अब केही दिन अघि नबढ्ने देखिएको छ। आउँदो ३ दिनसम्म मनसुन अघि बढ्ने सम्भावना कम देखिएको मौसम पूर्वानुमान ममहाशाखाका मौसमविद् रोजन लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार प्रभाव पनि घटेर मनसुन कोशी प्रदेशमै स्थिर रहने देखिन्छ। मनसुन भित्रिएकै दिन कोशी प्रदेशमा ठूलो पानी पर्दा सडक, जलविद्युतरुलगायतका संरचनामा क्षति पुऱ्याएको थियो।

जल तथा मौसम विज्ञान विभागका बाढीविद् विनोद पराजुलीले पूर्वी क्षेत्रमा मनसुन भित्रिएकै दिन २०० मिलिमिटरभन्दा बढी पानी परेको जानकारी दिए। वर्षाका कारण नदीमा पानीको सतह बढ्दा बाढी आएकाले केही क्षेत्र डुबानमा परेको उनले बताए। अहिले सोलुखुम्बु र दोलखा जिल्लाका केही ठाउँबाहेक काठमाण्डौबाट पूर्वतर्फ खासै पानी परेको छैन। गण्डकीको कास्की, तनहुँ, पर्वत, म्याग्दीलगायतका जिल्लाका केही ठाउँमा सामान्य पानी परिरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। आइतबार राति पनि कोशी, मधेश, बागमती र गण्डकी प्रदेशलगायत देशको पहाडी भागका थोरै ठाउँ र बाँकी भागका १/२ ठाउँमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले बताए।

# धनगढीमाई नगरपालिकाले तिर्‍यो डेढ करोडभन्दा बढी कृषि मिटरको बक्यौता

**मणिलाल विश्वकर्मा**

लहान, १८ जेठ। सिराहाको धनगढीमाई नगरपालिकाले नगर क्षेत्रका किसानले खेतीपाती गर्न प्रयोग गरेको कृषि मिटरको विद्युतबापत् डेढ करोड रुपैयाँभन्दा बढी रकम भुक्तानी गरिदिएको छ। नगरपालिकाले नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्रलाई बुधबार एक करोड ६० लाख ९८ हजार छ सय ६२ रुपैयाँबराबरको चेक हस्तान्तरण गरेको हो। नगरप्रमुख शिवशंकर महतो, उपप्रमुख संगीताकुमारी चौधरी, वडाध्यक्षहरूले संयुक्त रूपमा नेपाल विद्युत् प्राधिकरण लहान वितरण केन्द्रका लेखा शाखा प्रमुख जितेन्द्र झा, इन्जिनियर मनोजकुमार साहलाई उक्त रकमबराबरको चेक हस्तान्तरण गरेका हुन्। चेक हस्तान्तरण गर्दै नगर प्रमुख महतोले नगरका १ देखि १४ वटै वडा क्षेत्रका सबै समूहका किसानहरुलाई कृषि पेशामा प्रोत्साहन र सहुलियतका लागि कृषि मिटरको महसुल नगरले तिरिदिएको बताए।



चेक हस्तान्तरण कार्यक्रममा सेवा निवृत्त हुँदै गरेका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङ्ले नगर क्षेत्रका तीन हजार पाँच सय जना किसानले उपभोग गरेको कृषि मिटरको बिल विभिन्न कारणले तिर्न नसकेर रोकिएकाले एकै पल्ट तिर्दा बढी रकम भएको बताए। 'खेतीपाती गर्न हुकिङमार्फत् विद्युतीय मोटर प्रयोग गर्दा जोखिम समेत हुने र त्यसो नगर्दा पनि बक्यौता रकम बढ्दै जाँदा किसानले एकमुष्ठ रुपमा तिर्न सकेको थिएनन्' उनले भने 'किसानहरुलाई कृषि मिटर जडान गरी सिंचाई गर्दा लाग्ने बिल नगरपालिकाले तिरिदिँदा किसानले पनि थप मेहेनत गर्ने भएकाले नगरसभाले गरेको निर्णय बमोजिम कृषि मिटरको महसुल तिरिदिएका हौं।' 'यसअघि पनि ५० लाख रुपैयाँ तिरिदिने गरी बजेट छुट्याइएको थियो तर प्राधिकरणले पूरै बक्यौता रकम भुक्तानी गर्नुपर्छ भनेपछि केही ढिलो भएको हो' उनले भने ।

नगरका आर्थिक प्रशासन शाखा प्रमुख समेत रहेका लेखा अधिकृत प्रभुनारायण यादवले २०७९ को साउनदेखि २०८१ माघसम्म दुई वर्ष सात महिनाको कृषि मिटरको विद्युत महसूल भुक्तानी गरिएको जानकारी दिए। 'नगरपालिकाले प्राधिकरणबाट २०७९ को साउनदेखि २०८१ चैतसम्मको कृषि मिटरको बक्यौता विवरण माग गरेको भएपनि २०८१ माघसम्मको मात्र विवरण दियो' उनले भने 'नगरले बुझाएको महसूल बक्यौता हो।'

**धनी किसानलाई फाइदा**

नगरपालिकाले किसानले उपभोग गरेको कृषि मिटरको महसूल भुक्तानी गर्दा धनी किसानलाई फाइदा भएको स्वयं जनप्रनिधिहरुले पनि स्वीकारे। 'नगरसभाले नीतिगत निर्णय गर्दा कुन वर्गका किसानलाई कतिसम्म सहुलियत दिने भन्ने निक्यौंल नगर्दा धनी किसान फाइदामा रहे' एक वडाध्यक्षले भने 'कृषि मिटरको बिल भुक्तानीमा एउटा किसानको साढे नौ लाख रुपैयाँसम्म बक्यौता थियो।'

२२ पुस २०८१ मा हाजिर भई १४ जेठमा सेवा निवृत्त भएका प्रमुख प्रशासकीय अधिकृत गुरुङ्ले भने 'सबै किसानलाई एउटै वर्गमा राखिँदा धनी किसानले बढी फाइदा लिए तर साना मध्यम किसानले त्यसको कम फाइदा।' नगरपालिकाले आगामी दिनमा किसानलाई अनुदान दिँदा प्रगतिशील नीति तर्जुमा गरी अनुदान दिँदा सबैले आफ्नो अवस्था अनुसार सहुलियत पाउन सक्छन्।'

# कमल थापासहित ६ जना प्रदर्शनकारी पक्राउ

काठमाडौं, १८ जेठ। राजावादीहरूको प्रदर्शनमा राप्रपा नेपालका अध्यक्ष कमल थापा पक्राउ परेका छन्। काठमाडौंको नारायण चौर क्षेत्रबाट उनी पक्राउमा परेका हुन्। निषेधित क्षेत्र तोड्ने प्रयास गरेपछि थापासँगै अन्य प्रदर्शनकारीहरू पनि पक्राउ परेका हुन्। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता अपीलराज बोहोराका अनुसार पक्राउ पर्नेमा शिला राणा, राकेश बस्नेत, विनोद कपाली, रामचन्द्र लामिछाने र सरोज तिमल्सिना रहेका छन्।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले आफूहरूको शान्तिपूर्ण आन्दोलनमा प्रहरीले दमन गरेको बताए। उनले कमल थापालाई ससम्मान फिर्ता



नगरे सोमबारबाट सशक्त आन्दोलन गर्ने चेतावनी दिए।

आफूहरूको भद्रतालाई कमजोर ठान्ने प्रयास नगर्न आग्रह गर्दै उनले अब एकैपटक ५० स्थानबाट प्रदर्शन निकाल्ने बताए। अध्यक्ष लिङ्देनले जनताले विकल्प खोजेकै कारण देश आन्दोलनमय भएको जिकिर गरे। राजसंस्था र हिन्दू राज्य पुनःस्थापनाको माग गर्दै संयुक्त जनआन्दोलन परिचालन समितिले जेठ १५ गतेदेखि निरन्तर आन्दोलन गर्दै आएको छ। आफूहरूको मुद्दा स्थापित नभएसम्म आन्दोलन नरोकिने उनीहरुले जनाएका छन्। उनीहरूले राजसंस्था पुनःस्थापना र हिन्दुराष्ट्रको मागसहित आन्दोलनमा उत्रिएका हुन्।

# बालिकाको जलेर मृत्यु

**जनार्जन खत्री**

सर्लाही, १८ जेठ। सर्लाहीको हरिपुर नगरपालिका–१, हजार बिघामा आगोले जलेर एक बालिकाको मृत्यु भएको छ। हरेराम महतोकी छोरी चार वर्षीया लक्ष्मीकुमारी महतोको आगोले जलेर मृत्यु भएको हो। जेठ १५ गते बिहान आफ्नै घरमा चुल्होमा कुँडो पकाइरहेका बेला बालिका खेल्ने क्रममा आगोमा परेकी थिइन्। आगोले कम्मर पछाडिपट्टीको भाग जलेर गम्भीर घाइते भएकी बालिकाको उपचारका क्रममा आइतबार राति बर्न अस्पताल कीर्तिपुरमा मृत्यु भएको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायब उपरीक्षक (डिएसपी) निरन्जन भट्टराईले जानकारी दिए। बालिकालाई परिवारले बरहथवास्थित नगर अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि बर्न अस्पताल कीर्तिपुर पुऱ्याएका थिए।


## विष्णुपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**विष्णुपुर प्र.म, सिरहा**
**मधेश प्रदेश, (नेपाल)**

**नयाँ माछा पकेट विकास कार्यक्रम संचालन सम्बन्धी ७ दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२।०२।१९**

चालू आ.ब. २०८१/०८२ मा यस विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत स्वीकृत नयाँ माछा पकेट विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/ जल/वन उपभोक्ता समिति/ कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस विष्णुपुर गाउँपालिकामा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीका लागि सम्पर्क नं. ९८५२८२२५२ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः–**

१) सम्वन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
२) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा,
३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी,
४) सम्वन्धित वडाको सिफारिस पत्र,
५) कार्य समितिको निर्णयको प्रतिलिपी।



## डिभिजन वन कार्यालय सिरहा लहानको अनुरोध

- वन डढेलो रोकथाम गरौं वन, जन र धनको क्षति रोकौं
- वन क्षेत्रभित्र ज्वलनशील पदार्थ जस्तैः सलाई, लाइटर र आगो प्रयोग नगरौं
- वन जंगल हामी सबैको साझा सम्पति हो, यसको संरक्षण गरौं
- वन जंगलभित्र कुनै किसिमको संरचना तथा जथाभावी बाटोघाटो निर्माण नगरौं
- निजी जग्गामा वक्षारोपण गरी उल्लेखनीय लाभ प्राप्त गरौं
- वन अपराध हुन लागेको थाहा पाएमा नजिकको प्रहरी कार्यालयमा तथा वन कार्यालयमा खबर गरौं।

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय सिरहा**
**लहान**





मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)